नेपाल पत्रकार महासंघ

## ................ शाखा निर्वाचन कार्यविधि, २०८१

नेपाल पत्रकार महासंघको........... जिल्ला शाखा/..................प्रतिष्ठान शाखा, संस्थागत समितिको निर्वाचन पारदर्शी तथा विधिसम्मत रुपमा सञ्चालन गर्नको लागि महासंघको विधानको धारा ३५ (३) (क) बमोजिम निर्वाचन समितिले देहाय वमोजिम निर्वाचन कार्यविधि, २०८१ जारी गरेको छ ।

**१. संक्षिप्त नाम, प्रारम्भ र परिभाषा**

१. यस कार्यविधिको नाम नेपाल पत्रकार महासंघ ................शाखा/ प्रतिष्ठान/संस्थागत समितीको निर्वाचन कार्यविधि निर्देशिका, २०८१ रहेकोछ ।

२. यो कार्यविधि निर्वाचन समितिको मिति २०८१ असार ७ गते बसेको बैठकबाट पारित भई लागु भएको छ ।

३. यस कार्यविधिमा निर्वाचन समिति भन्नाले नेपाल पत्रकार महासंघको .............. शाखा/ प्रतिष्ठान/संस्थागत समितीको लागि गठन भएको निर्वाचन समितिलाई सम्झनु पर्दछ ।

४. उम्मेदवार भन्नाले नेपाल पत्रकार महासंघको विधान वमोजिम निर्वाचन हुने जिल्ला शाखा/प्रतिष्ठान शाखा, संस्थागत समिती पदाधिकारी वा सदस्य पदको उम्मेदवार सम्झनु पर्दछ ।

५. महासंघ भन्नाले नेपाल पत्रकार महासंघलाई सम्झनु पर्दछ ।

**२. मतदाता नामावली सम्वन्धमा**

१. विधानको धारा ४(१) वमोजिम नेपाल पत्रकार महासंघको सदस्य भई सोही विधानको धारा ६(१) वमोजिम सदस्यता नवीकरण गरी नेपाल पत्रकार महासंघ केन्द्रीय समितिले प्रमाणित गरी पठाएका सदस्यहरु सम्वन्धित शाखाको निर्वाचनको लागि मतदाता हुनेछन् ।

२. निर्वाचन समितिले केन्द्रीय समितिद्वारा प्रमाणित गरी पठाइएको नामलाई आधार मानी निर्वाचन हुनुभन्दा अगावै निर्वाचन कार्यतालिका बमोजिम मतदाता नामावली प्रकाशन गर्नेछ ।

**३. निर्वाचन हुने पद र मतदाता हुन पाउने प्रतिनिधि सम्वन्धी व्यवस्था**

महासंघको विधानको धारा १६(१) अनुसार महासंघको शाखा/प्रष्ठिान शाखा तथा संस्थागत समितिको निम्न पदमा निर्वाचन हुनेछ :

| क्र. सं | पद | निर्वाचित हुने संख्या | मतदाता हुन पाउने प्रतिनिधि |
|---|---|---|---|
| १. | अध्यक्ष | १ | सबै मतदाता |
| २. | उपाध्यक्ष | १ | सबै मतदाता |
| ३ | उपाध्यक्ष (महिला) | १ | सबै मतदाता |
| ४. | सचिव | १ | सबै मतदाता |
| ५ | सहसचिव(समावेशी) | १ | सबै मतदाता |
| ६. | सहसचिव | १ | सबै मतदाता |
| ७. | कोषाध्यक्ष | १ | सबै मतदाता |
| ८. | महिला सदस्य | १ | सबै मतदाता |
| ९. | दलित सदस्य | १ | सबै मतदाता |
| १०. | आदिवासी जनजाति सदस्य | १ | सबै मतदाता |
| ११. | मधेसी सदस्य | १ | सबै मतदाता |
| १२. | अन्य समावेशी | १ | सबै मतदाता |
| १३. | अन्य सदस्य | सम्वन्धित शाखाको सदस्य संख्या हेरी विधानको धारा १६(१) (ख) बमोजिम ८ जनासम्म । | सबै मतदाता |
| १४. | केन्द्रिय परिषद सदस्य | | सवै मतदाताहरु |
| १५. | प्रदेश परिषद सदस्य | | सबै मतदातहरु |
| तर कुनै शाखामा दलित, जनजाति, महिला र मधेशी सदस्यमध्ये कुनै एक वा एकभन्दा बढी किसिमका सदस्य नभएमा सो पद स्वतः खुल्लामा परिणत भई निर्वाचन गरिने छ । | | | |

## ४. निर्वाचनको कार्यक्रम सम्वन्धमा

निर्वाचन कार्यक्रम अनुसुचि १ बमोजिम सञ्चालन हुनेछ ।

## ५. उम्मेदवारी दर्ता तथा उम्मेदवार हुन आवश्यक योग्यता सम्वन्धमा

१. निर्वाचनमा उम्मेदवार हुन चाहने कुनै पनि मतदाताले अनुसुचि १ मा निर्धारित निर्वाचन कार्यतालिका अनुसार उम्मेदवारको मनोनयन गर्न पाउने छन् ।

२. उम्मेदवार हुनको लागि अनुसुचि २ बमोजिमको ढाचामा मनोनयन पत्र दाखिल गर्नुपर्नेछ ।

३. उम्मेदवारले मनोनयन दर्ता गर्दा आफ्ना मतदाताहरुमध्ये एक जनाले प्रस्ताव गरेको र एक जनाले समर्थन गरेको हुनुपर्ने छ । तर, मतदान गर्नपाउने संख्याभन्दा बढी व्यक्तिका लागि प्रस्तावक र समर्थक बस्न पाइने छैन ।

४. मनोनयन दर्ताको साथमा उम्मेदवारले देहाय बमोजिमको शुल्कसमेत दाखिल गर्नुपर्ने छ :

क. अध्यक्ष रु. २,००० (दुई हजार)

ख. अन्य पदाधिकारी रु. १,००० (एक हजार)

ग. सदस्य पदकालागि रु. ५०० (पाँच सय)

घ. केन्द्रिय तथा प्रदेश परिषद सदस्य पदको लागी रु.१,००० (एक हजार)

५. उपनियम ४ बमोजिम दाखेल भएको उम्मेदवारी शुल्क उम्मेदवारी फिर्ता लिएमा वा निर्वाचित भएमा वा पराजित भएमा समेत फिर्ता गरिने छैन ।

६. कुनै उम्मेदवार मनोनयन गर्न तोकिएको समयमा निर्वाचन कार्यालयमा उपस्थित हुन नसक्ने भएमा निजको तर्फबाट वारेसले समेत उम्मेदवारी दर्ता गराउन सक्नेछ ।

७. विधानको धारा १६(७) को अधीनमा रही कुनै पदमा उम्मेदवारी दिन चाहने व्यक्ति पहिला दुई पटक पदाधिकारी भई कार्य गरेको रहेछ भने पुनः सोही पदमा उम्मेदवारी दर्ता गर्न पाउने छैन ।

८. शाखाको अध्यक्ष पदमा उम्मेदवार हुने व्यक्तिले विधानको धारा १६(घ) बमोजिम ७ वर्ष महासंघको सदस्य भएको हुनुपर्ने छ । तर पहिलो पटक शाखा स्थापना भएको ७ वर्ष नपुगेको शाखामा हुने निर्वाचनमा यो प्रावधान लागू हुने छैन ।

## ६. उम्मेदवारको नामावली प्रकाशन

मनोनयन दर्ता भएपछि उम्मेदवारको नामावली प्रकाशन गरिने छ र यसरी नामावली प्रकाशन गर्दा देवनागरी लिपिको वर्णानुक्रमलाई आधार मानिनेछ ।

## ७ उम्मेदवारको नाम उपर छानविन तथा दाबी विरोध

१. उम्मेदवारले पेश गरेको उम्मेदवारी फाराम निर्वाचन समितिले छानविन गर्दा फाराम भर्दा पेश गर्नुपर्ने विवरण पूरा नभएमा त्यस्तो उम्मेदवारको उम्मेदवारी रद्द गरिने छ र उम्मेदवारको सुचिबाट कारण उल्लेख गरी नाम हटाइने छ ।

२. उम्मेदवारको नामावली प्रकाशन भएपछि कुनै पनि प्रतिनिधिले कुनै उम्मेदवारको योग्यता पूरा नभएको वा अन्य दाबी विरोध गर्नुपर्ने कारण उल्लेख गरी निर्वाचन कार्यविधि अनुसारको कार्यतालिका बमोजिमको समयमा दाबी विरोध गर्न पाउने छ । यस्तो दाबीविरोधमा उल्लिखित व्यहोरा सत्य ठहरिएमा त्यस्तो उम्मेदवारको नाम उम्मेदवारी सुचिबाट हटाइने छ ।

३. कुनै उम्मेदवारको अयोग्यताको सम्वन्धमा प्रश्न उठेमा आफू योग्य भएको प्रमाण उम्मेदवारले पेश गर्नुपर्ने छ र सोको निरुपण महासंघको सम्वन्धित शाखाको कार्यालयको अभिलेखको आधारमा गरिनेछ ।

## ८. उम्मेदवारी फिर्ता लिन समय दिइने

निर्वाचन कार्यविधि अनुसारको कार्यतालिका बमोजिमको समयमा कुनै उम्मेदवारले नाम फिर्ता लिन चाहेमा निर्वाचन समितिसमक्ष निवेदन दिई नाम फिर्ता लिन सक्नेछ ।

**९. उम्मेदवारको अन्तिम नामावली प्रकाशन**

१. उम्मेदवारी फारामको छानविन, दाबी विरोध तथा नाम फिर्ता लिने समय समाप्त भएपछि उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरिने छ ।

२. अन्तिम नामावली प्रकाशन गर्दा उम्मेदवारको निर्वाचित हुने पद अनुसार नेपाली वर्णमालाको क्रमानुसार नामावली प्रकाशन गरिने छ ।

**१०. निर्विरोध निर्वाचन :**

कुनै पदमा निर्वाचन हुनुपर्ने आवश्यक संख्या बराबर वा सोभन्दा घटी उम्मेदवार रहेमा त्यस्ता उम्मेदवार निर्विरोध निर्वाचित भएको घोषणा गरिने छ ।

**११. मतपत्र सम्वन्धी व्यवस्था**

१. मतपत्रको नमुना अनुसुचि ४ बमोजिम हुनेछ ।

२. मतपत्रमा निर्वाचन समितिका संयोजकको हस्ताक्षर भएको हुनुपर्नेछ ।

३. मतदान गर्ने समयमा मतपत्र च्यातिएमा वा मतदाताले निर्दिष्ट उम्मेदवारलाई मतदान गर्न असमर्थ भएमा मतपत्र परिवर्तन गर्न पाउनेछ, मतदाताबाट यस प्रकारको आग्रह भएमा मतदान अधिकृतले सो व्यहोरा जनाई अर्को मतपत्र जारी गर्न र सो मतपत्रलाई आफ्नो नियन्त्रणमा राखी मतदानको अन्त्यमा सोको मुचुल्का बनाउनु पर्नेछ ।

**१२. मतदान अधिकृत, मतगणना अधिकृत तथा अन्य कर्मचारीहरुको नियुक्त गर्न सकिने**

निर्वाचन समितिले मतदान, मतगणना तथा निर्वाचन कार्यक्रमलाई व्यवस्थित गर्न मतदान अधिकृत, मतगणना अधिकृत तथा अन्य कर्मचारीहरुको नियुक्ति गर्न सक्नेछ । यसरी नियुक्त व्यक्तिले गरेको काम कारवाही निर्वाचन समितिले गरेको काम कारवाही मानिने छ ।

**१३. मतदानको व्यवस्थापन**

१. निर्वाचन कार्यतालिका अनुसार निर्वाचन समितिले मतदानको दिनमा निर्वाचन समितिले तोकेको स्थानमा मतदान गर्ने व्यवस्था मिलाइने छ ।

२. मतदाता नामावलीमा रहेको नाममा हस्ताक्षर गराई सकेपछि मात्र मतपत्र प्रदान गरिने छ ।

३. मतदानको समयमा मतदान स्थलमा निर्वाचन समितिको अनुमति पाएका व्यक्तिले मात्र प्रवेश पाउनेछन् ।

४. निर्वाचनमा गोप्य मतदान विधिको प्रयोग गरिने छ ।

५. मतदान केन्द्रमा क्यामेरा, मोबाइल लिएर जान, तस्वीर खिच्न वा रेकर्ड गर्न निषेध छ ।

६. गोप्य मतदानको मर्यादा पालना गरी मतदानमा सहयोग गर्नु सबैको कर्तव्य हुनेछ ।

**१४. मतगणना सम्वन्धी व्यवस्था**

१. मतदान  समय अवधि  समाप्त भएपछि मतगणना प्रारम्भ गरिने छ ।

२. केन्द्र र प्रदेशका उम्मेदवारले प्राप्त गरेको मत खुलाई, निर्वाचन समितिका संयोजक र सदस्यको हस्ताक्षरसहित विद्युतीय माध्यमद्वारा सो विवरण प्रदेश निर्वाचन समिति र केन्द्रीय निर्वाचन समितिमा यथाशीघ्र पठाउनुपर्नेछ ।

३. मतगणना स्थलमा निर्वाचन समितिले तोकेको बाहेक अरुलाई प्रवेश दिइने छैन ।

**१५. सदर मत र बदर मत निर्धारण**

१. सामान्यतया सदर मत र बदर मतको निर्धारण अनुसुचि ५ बमोजिम गरिने छ ।

२. **अनुसुचि ५ मा** उल्लेख नभएको अवस्थामा निर्वाचनमा सहभागी सबै उम्मेदवारको प्रतिनिधिको सहमतिबाट र सो नभएमा निर्वाचन समितिको निर्णय अनुसार सदर मत वा बदर मत निर्धारण हुनेछ ।

**१६. मतपरिणामको घोषणा**

मतगणना समाप्त भएपछि परिणाम प्रकाशन गरिनेछ ।

**१७. निर्वाचित पदाधिकारीहरुलाई प्रमाणपत्र दिइने**

निर्वाचित पदाधिकारीहरुलाई अनुसुचि ६ बमोजिमको ढाचामा प्रमाणपत्र दिइने छ ।

**१८. मतपत्र र निर्वाचन सम्वन्धी सामग्रीको सुरक्षा**

१. निर्वाचन सकिएपछि निर्वाचनको क्रममा निर्वाचन समितिलाई प्राप्त कागजात, मतपत्र, तथा अन्य सामग्रीहरु निर्वाचन समितिले नव निर्वाचित अध्यक्षलाई शिलवन्दी गरी हस्तान्तरण गर्नेछ ।

२. सामग्री हस्तान्तरण गरेपछि निर्वाचन समिति स्वतः विघटन हुनेछ ।

**१९. निर्वाचन कार्यालय :**

निर्वाचन समितिको कार्यालय प्रदेश र जिल्ला निर्वाचन समितिको सिफारिसमा केन्द्रीय निर्वाचन समितिले तोक्नेछ ।

**२०. उम्मेदवारको तर्फबाट प्रतिनिधि उपस्थित हुनसक्ने :**

कुनै उम्मेदवारले आफ्नो तर्फबाट कार्य गर्नको लागि उम्मेदवार प्रतिनिधि तोकेको रहेछ भने त्यस्तो प्रतिनिधिले गरेको कार्य उम्मेदवारले गरेको मानिने छ ।

**२१. निर्वाचन स्थगन भएमा** १. कुनै कारणले तोकिएको कार्यतालिका अनुसार कुनै कार्य सम्पन्न गर्न असमर्थ भएमा निर्वाचन समितिले कार्यतालिकामा सामान्य हेरफेर गर्न सक्नेछ र सोको जानकारी पत्रकार महासंघको केन्द्रीय समितिलाई लिखितरुपमा गराउनु पर्नेछ ।

२. मतदान वा मतगणनाको क्रममा प्राकृतिक प्रकोप वा अन्य कारणले स्थगीत भएमा समितिले अर्को उपयुक्त मिति र समयको घोषणा गरी मतदान वा मतगणनाको कार्य अघि बढाउने छ ।

**२२. निर्वाचन समितिको निर्णय मान्य हुने**

यस कार्यविधिमा र महासंघको विधानमा उल्लेख भएकोमा सोही बमोजिम हुनेछ । सो बाहेक अन्य अवस्थामा निर्वाचन समितिले गरेको निर्णय अन्तिम हुनेछ । सो निर्णय मान्नु सबैको कर्तव्य हुनेछ ।

**अनुसुचि १**

**निर्वाचन कार्यतालिका**

**नियम ४ संग सम्वन्धित**

**देहायको कार्यतालिका बमोजिम निर्वाचन सम्पन्न गरिने छ:**

| क्रम संख्या | विवरण | मिति र समय |
|---|---|---|
| १ | उमेद्वारको मनोनयन | २०८१ मंसिर २६ गते विहान १०:०० बजे देखि दिउसो ३:०० बजे सम्म । |
| २ | उम्मेदवारको नामावली  प्रकाशन | २०८१ मंसिर २६ गते अपरान्ह ४:०० बजे । |
| ३ | उम्मेदवार उपरको् दाबी विरोध | २०८१ मंसिर २६ गते अपरान्ह ४:०० बजे देखि २०८१ मंसिर २७ गते विहान ८:०० बजे सम्म |
| ४ | उम्मेदवारले नाम फिर्ता लिने | २०८१ मंसिर २७ गते विहान ८:३० बजे सम्म । |
| ५ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | २०८१ मंसिर २७ गते विहान १०:०० बजे । |
| ६ | मतदान | २०८१ मंसिर २८ गते विहान १०:०० बजे दीेख अपरान्ह ४:०० बजे सम्म |
| ७ | मतगणना | २०८१ मंसिर २८ गते मतदानको समय समाप्त भए पश्चात । |

निर्वाचन कार्यतालिकामा आवश्यकता अनुसार शाखा निर्वाचन समितिले फेरबदल गर्न सक्नेछ ।

निर्वाचन कार्यविधि तथा कार्यक्रम नेपाल पत्रकार महासंघको www.fnjnepal.org मा समेत प्रकाशन गरिनेछ ।

***नोटः- नेपाल पत्रकार महासंघको .............शाखाको निर्वाचन समितिको कार्यालय सम्बन्धित .........शाखाको निर्वाचन समितीले तोकेको स्थानमा रहनेछ ।***

**पुनश्चः- अन्तिम नामावली प्रकाशन गर्दा उम्मेदवारको नामावली पद र निर्वाचन क्षेत्रका आधारमा देवनागरी लिपिको वर्णानुक्रमानुसार उम्मेदवारको नाम उल्लेख गरिनेछ ।**

निर्वाचन समितिका तर्फबाट

..................... ....................... ....................

**सदस्य** **सदस्य** **संयोजक**

अनुसुचि २

नियम ५ (२) सँग सम्वन्धित

.......................शाखा

## उम्मेदवारको मनोनयन फाराम

म नेपाल पत्रकार महासंघको .................. शाखा/ प्रतिष्ठानको निर्वाचनमा उम्मेदवार हुन ईच्छुक भएको हुँदा निर्वाचन कार्यविधि, २०८१ को नियम ५(४) मा उल्लिखित शुल्क यसैसाथ संलग्न राखी यो मनोनयन पत्र दाखिल गरेको छु ।

उम्मेदवारको नाम :

ठेगाना :

उम्मेदवार हुन चाहेको पद :

मतदाता क्रम संख्या :

म लगातार ....... वर्षदेखि महासंघको सदस्य रहेको छु र महासघको विधानको धारा १६(१) (घ) बमोजिम हुनुपर्ने योग्यता पूरा भएको घोषणा गर्दछु । साथै मैले हाल उम्मेदवारी दर्ता गरेको पदाधिकारी पदमा पहिला दुई पटक कार्य नगरेको व्यहोरासमेत स्पष्ट गर्दछु । यदि मेरो उक्त योग्यता पूरा नभएमा मनोनयन रद्द गरेमा मेरो मञ्जुरी छ ।

उम्मेदवारको हस्ताक्षर : मिति :

| प्रस्तावक | समर्थक |
|---|---|
| नाम : | नाम : |
| मतदाता क्रम संख्या र क्षेत्र | मतदाता क्रम संख्या र क्षेत्र |
| हस्ताक्षर | हस्ताक्षर |

निर्वाचन समितिले भर्ने

दर्ता नं : मिति :

निर्वाचन समितिको तर्फबाट आधिकारिक हस्ताक्षर :

अनुसुचि ३

नियम ६ (१) सँग सम्वन्धित

......................शाखा/ प्रतिष्ठान/संस्थागत समिति/केन्द्रिय परिषद सदस्य/प्रदेश परिषद सदस्यको को उम्मेदवारको मनोनयन फाराम

म नेपाल पत्रकार महासंघको .................. शाखा/ प्रतिष्ठानको निर्वाचनमा सभासद पदमा उम्मेदवार हुन ईच्छुक भएको हुँदा निर्वाचन कार्यविधि, २०८१ को नियम ५(४) मा उल्लिखित शुल्क यसै साथ संलग्न राखी यो मनोनयन पत्र पेस गरेको छु।

उमेदवारको नाम :

ठेगाना : मतदाता क्रम संख्या

म लगातार ....... वर्षदेखि महासंघको सदस्य रहेको छु र महासंघको विधानको धारा १६ (१) (घ) वमोजिम हुनुपर्ने योग्यता पूरा भएको घोषणा गर्दछु। यदि मेरो उक्त योग्यता पूरा नभएमा मनोनयन रद्द गरेमा मेरो मञ्जुरी छ।

उम्मेदवारको हस्ताक्षर : मिति :

| क्रम संख्या | प्रस्तावकको नाम | मतदाता क्रम संख्या | हस्ताक्षर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| | समर्थकको नाम | | |
| १ | | | |
| २ | | | |
| ३ | | | |

निर्वाचन समितिले भर्ने

दर्ता नं : मिति :


निर्वाचन समितिको तर्फवाट आधिकारिक हस्ताक्षर :

अनुसुचि ४

नियम १२(१) सँग सम्वन्धित

मतपत्रको नमूना

# अनुसुचि ५
## नियम १६(१) सँग सम्वन्धित
## सदर र बदरमतको नमूना



अनुसूची ६

नियम १८ सँग सम्वन्धित

नेपाल पत्रकार महासंघ

.............शाखा निर्वाचन समितिबाट जारी

प्रमाणपत्र

तपाईं श्री ......................................... नेपाल पत्रकार महासंघको मिति २०८१ .........मा सम्पन्न ....................जिल्ला शाखा/.............प्रतिष्ठान शाखाको..........................................पदमा निर्वाचित हुनु भएको हुदा यो प्रमाणपत्र प्रदान गरीएको छ।

.............सदस्य ........ सदस्य ............. संयोजक

मिति : २०८१